# प्रदेश राजपत्र


प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल, बैशाख २० गते,२०७८ साल(अतिरिक्ताङ्क २


भाग ३

## प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सूचना

नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी नेपालमा तिव्ररुपमा संक्रमण बढिरहेको र प्रदेश नं.२मा समेत तिव्रत्तर रुपमा फैलिरहेको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २क. ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को सरकारले देहाय बमोजिम आदेश जारी गरेको छ ।

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०१।०६ को निर्णयानुसार जारी भएको आदेशको हकमा सोही बमोजिम हुने र थप विषयको हकमा यस आदेशमा उल्लेख भएबमोजिम गर्ने ।

क) कोभिड-१९ रोगको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि राष्ट्रिय मापदण्ड तथा जनशक्ति परिचालन सहितको प्रतिकार्य योजना सामाजिक विकास मन्त्रालयले जारी गर्ने ।

ख) अस्पतालमा निश्चित वेड छुट्याई कोभिड केयर युनिटमा सेवा दिने सम्बन्धमा आवश्यक आदेश सामाजिक विकास मन्त्रालयले जारी गर्ने।

ग) संक्रमणको जोखिमको अवस्था हेरी सार्वजनिक, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, जनशक्ति, औजार, उपकरण, भवन तथा स्थान स्वास्थ्य सेवा र कार्यको लागि प्रयोग गर्न सक्ने ।

घ) जनकपुरधाम उपमहानगरपालिका, मुजेलिया स्थित मणिपाल मेडिकल कलेजको सञ्चालनमा नरहेको भवन लगायतका संरचनामा कोभिड-१९ रोगको रोकथाम, उपचार र नियन्त्रणका लागि कोभिड विशेष अस्पताल सञ्चालन गर्ने।

ङ) प्रदेश नं. २ अन्तर्गतका जिल्लाहरुमा स्वास्थ्य सेवाको सुदृढिकरण गर्दै कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि आवश्यक पर्ने स्वास्थ्य संरचना वा अन्य स्थानको आवश्यकता र औचित्यताको आधारमा जिल्लास्थित DCCMC ले व्यवस्थापन गर्ने र सोको लागि आवश्यक पर्ने जनशक्ति एवं आर्थिक स्रोत साधन सहितको प्रतिकार्य योजना DCCMC ले सामाजिक विकास मन्त्रालयमा पेश गर्ने । सो कार्यको लागि आवश्यक पर्ने रकम सामाजिक विकास मन्त्रालयले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट निकासा गर्ने ।

च) यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन संक्रामक रोग ऐन, २०२० को दफा २क. को उपदफा (२) बमोजिम प्रदेश नं. २ अन्तर्गतका सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने ।

छ) यो आदेशको कार्यान्वयन गर्न हरेक तहमा गठन भएको कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले समन्वय र सहजीकरण गर्ने र भए गरेको कार्यहरुको नियमित रुपमा प्रतिवेदन गर्ने ।

२. यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यस आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्याउने व्यक्ति तथा संघसंस्थाहरुलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजाय हुनेछ ।

आज्ञाले

याम प्रसाद भूसाल

सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ बाट प्रकाशित